दंगीशरण गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

हेकुली दाङ

लुम्विनी प्रदेश, नेपाल

दंगीशरण गाउँपालिकाको गाउँ कार्यपालिका (कर्यसम्पादन) नियमावली, २०७४ को नियम ९ को उपनियम (१) वमोजिमको कार्यपालिका वैठकको कार्यसुची वुझेको भरपाई

वैठक संख्या : ११/२०८१/८२ मिति : २०८१/१२/०३

स्थान : दंगीशरण गाउँ कार्यपालिकाको वैठक कक्ष । समयः दिउसो १.३५वजे

| क्र.सं. | कार्यसुचि | प्रस्तावक | प्रस्ताव पेश गर्नुको कारण | कैफिएत |
|---|---|---|---|---|
| १ | आर्थिक वर्ष २०८१/८२को हिउदे गाउँ सभाको मिति तोक्ने सम्वन्धमा | श्री शम्भु गिरी | निर्णयार्थ | |
| २ | एल.आई.एस.पि. कार्यक्रममा सहभागिता र प्रतिवद्धताका सम्वन्धाम | श्री शम्भु गिरी | निर्णयार्थ | |
| ३ | प्रदेश तथा स्थानीय सुशासन सवलिकरण कार्यक्रमका सम्वन्धामा | श्री शम्भु गिरी | निर्णयार्थ | |
| ४ | विविध सम्वन्धमा ।<br>(क) शिक्षा युवा तथा खेलकुद शाखाको योजना तथा कार्यक्रम संसोधन सम्वन्धमा ।<br>(ख) दंगीशरण गाउँपालिकाको निजी जग्गाको ढुंगा, गिट्टी, वालुवा, माटो उत्खनन, संकलन तथा ढुवानी व्यवस्थित गर्ने सम्बन्धी कार्यविधि २०८१<br>(ग) आर्थिक सहयोग सम्वन्धमा | श्री शम्भु गिरी | निर्णयार्थ | |

दंगीशरण गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय हेकुली, दाङ लुम्बिनी प्रदेश, नेपाल २०७३

दंगीशरण गाउँ कार्यपालिकाको आ.व.२०८१/०८२को एघारौ वैठकका निर्णयहरु

# प्रस्ताव वुझेको भरपाई

| क्र.सं. | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री पिमा कुमारी वली खड्का | उपाध्यक्ष | |
| २ | श्री रमेश भण्डारी | वडाअध्यक्ष | |
| ३ | श्री डम्बर खत्री | वडाअध्यक्ष | |
| ४ | श्री सुकलाल चौधरी | वडाअध्यक्ष | |
| ५ | श्री कमल थारु | वडाअध्यक्ष | |
| ६ | श्री निरज बस्नेत | वडाअध्यक्ष | |
| ७ | श्री रोशनजंग शाह | वडाअध्यक्ष | |
| ८ | श्री रेशम बहादुर वली | वडाअध्यक्ष | |
| ९ | श्री मिना चौधरी | गाउँ कार्यपालिका सदस्य | |
| १० | श्री द्रौपती थरुनी | गाउँ कार्यपालिका सदस्य | |
| ११ | श्री टंकी भण्डारी | गाउँ कार्यपालिका सदस्य | |
| १२ | श्री चन्दा योगी | गाउँ कार्यपालिका सदस्य | |
| १३ | श्री कृष्ण कामी | गाउँ कार्यपालिका सदस्य | |
| १४ | श्री सितारा नेपाली | गाउँ कार्यपालिका सदस्य | |

दंगीशरण गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय

दंगीशरणगाउँपालिका

# गाउँकार्यपालिकाको कार्यालय

हेकुली दाङ

लुम्विनीप्रदेश, नेपाल

दंगीशरण गाउँपालिकाको गाउँ कार्यपालिका (कर्यसम्पादन) नियमावली, २०७४ को नियम ९ को उपनियम (१) वमोजिमको कार्यपालिका वैठकको कार्यसुची

वैठक संख्या : ११/२०८१/८२ मिति : २०८१/१२/०३

स्थान : दंगीशरण गाउँ कार्यपालिकाको वैठक कक्ष । समय : दिउसो १.३५वजे

| क्र.सं. | कार्यसुचि | प्रस्तावक | प्रस्ताव पेश गर्नुको कारण | कैफिएत |
|---|---|---|---|---|
| १ | आर्थिक वर्ष २०८१/८२को हिउदे गाउँ सभाको मिति तोक्ने सम्वन्धमा | श्री शम्भु गिरी | निर्णयार्थ | |
| २ | एल.आई.एस.पि. कार्यक्रममा सहभागिता र प्रतिवद्धताका सम्वन्धाम | श्री शम्भु गिरी | निर्णयार्थ | |
| ३ | प्रदेश तथा स्थानीय सुशासन सवलिकरण कार्यक्रमका सम्वन्धामा | श्री शम्भु गिरी | निर्णयार्थ | |
| ४ | विविध सम्वन्धमा ।<br>क) शिक्षा युवा तथा खेलकुद शाखाको योजना तथा कार्यक्रम संसोधन सम्वन्धमा ।<br>ख) दंगीशरण गाउँपालिकाको निजी जग्गाको ढुंगा, गिट्टी, वालुवा, माटो उत्खनन, संकलन तथा ढुवानी व्यवस्थित गर्ने सम्बन्धी कार्यविधि २०८१ ।<br>ग) आर्थिक सहयोग सम्वन्धमा | श्री शम्भु गिरी | निर्णयार्थ | |

प्रस्ताव प्रमाणित गर्नेको नाम : शम्भु गिरी

पद : अध्यक्ष

दस्तखत :

दंगीशरणगाउँपालिका

# गाउँकार्यपालिकाको कार्यालय

हेकुली दाङ

लुम्बिनीप्रदेश, नेपाल

बैठक नं. ११/२०८१/८२

बैठक वसेको मितिः २०८१/१२/०३

वैठक वसेको स्थान : दंगीशरण गाउँ कार्यपालिकाको वैठक कक्ष ।

आज मिति २०८१/१२/०३गतेका दिन दंगीशरण गाउँपालिकाका अध्यक्ष श्री शम्भु गिरी ज्यूको अध्यक्षतामा तपशिल बमोजिमका सदस्यहरुको उपस्थितिमा दंगीशरण गाउँ कर्यपालिको वैठक वसी सर्वसम्मतिवाट निर्णय पारित गरियो ।

उपस्थिति

| क्र.सं. | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री शम्भुगिरी | अध्यक्ष | |
| २ | श्री पिमा कुमारी वली खड्का | उपाध्यक्ष | |
| ३ | श्री कर्ण वहादुर नेपाली | सचिव | |
| ४ | श्री रमेश भण्डारी | वडाअध्यक्ष | |
| ५ | श्री डम्बर खत्री | वडाअध्यक्ष | |
| ६ | श्री सुकलाल चौधरी | वडाअध्यक्ष | |
| ७ | श्री कमल थारु | वडाअध्यक्ष | |
| ८ | श्री निरज बस्नेत | वडाअध्यक्ष | |
| ९ | श्री रोशनजंग शाह | वडाअध्यक्ष | |
| १० | श्री रेशम बहादुर वली | वडाअध्यक्ष | |
| ११ | श्री मिना चौधरी | गाउँ कार्यपालिका सदस्य | |
| १२ | श्री द्रौपती थरुनी | गाउँ कार्यपालिका सदस्य | |
| १३ | श्री टंकी भण्डारी | गाउँ कार्यपालिका सदस्य | |
| १४ | श्री चन्दा योगी | गाउँ कार्यपालिका सदस्य | |
| १५ | श्री कृष्ण कामी | गाउँ कार्यपालिका सदस्य | |
| १६ | श्री सितारा नेपाली | गाउँ कार्यपालिका सदस्य | |

दंगीशरण गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय

## मिति २०८१साल चैत्र ३ गते बसेको दंगीशरण गाउँ कार्यपालिका बैठकका निर्णयहरु

**प्रस्ताव नं.१** आर्थिक वर्ष २०८१/८२को हिउदे गाउँ सभाको मिति तोक्ने सम्वन्धमा ।

**प्रस्तावको संक्षिप्त ब्यहोरा** : आर्थिक वर्ष २०८१/८२को हिउदे गाउँ सभाको मिति तोक्ने सम्वन्धमा । ।

हुनु पर्ने निर्णय : आर्थिक वर्ष २०८१/८२को हिउदे दंगीशरण गाउँपालिकाको गाउँ सभाको मिति २०८१ चैत्र १५ गते गर्नु पर्ने ।

निर्णय : माथि ब्यहोरामा लेखिए बमोजिम गर्ने।

**प्रस्ताव नं.२** स्थानीय पूर्वाधार सहयोग कार्यक्रम (LISP)मा सहभागिता र प्रतिवद्धताका सम्वन्धाम ।

**प्रस्तावको संक्षिप्त ब्यहोरा** : दिगो, उत्पादनशिल र समावेशि विकासको सिद्धान्तमा आधारित स्थानीय पुर्वाधार विकास तथा सेवा प्रवाहमा स्थानीय तहहरुलाई सहयोग गर्ने उद्देश्यले वेलायत सरकारको आर्थिक सहयोगमा नेपाल सरकारवाट संचालित स्थानीय पुर्वाधार सहयोग कार्यक्रम (LISP) संचालनका लागी ईच्छा, प्रतिवद्धता र अपनत्व ग्रहनका लागी प्रतिवद्धता जनाउनु पर्ने भएको ।

हुनु पर्ने निर्णय : दिगो, उत्पादनशिल र समावेशि विकासको सिद्धान्तमा आधारित स्थानीय पुर्वाधार विकास तथा सेवा प्रवाहमा स्थानीय तहहरुलाई सहयोग गर्ने उद्देश्यले वेलायत सरकारको आर्थिक सहयोगमा नेपाल सरकारवाट संचालित स्थानीय पुर्वाधार सहयोग कार्यक्रम (LISP) संचालनका लागी निम्न अनुसार ईच्छा, प्रतिवद्धता र अपनत्व ग्रहण गर्ने

१. क) स्थानीय पूर्वाधार सहयोग कार्यक्रम (LISP) संगको सहकार्यमा सहभागितामूलक निर्णय प्रक्रिया अवलम्बन गरी स्थानीय पूर्वाधार सम्बन्धी योजना तथा समावेशी बजेटको निर्माण गर्न।

ख) स्थानीय पुर्वाधार विकासको लागि नवीनतम र सुधारिएका तरिका, साधन, र विधि अवलम्बन गर्न ।

ग) स्थानीय पुर्वाधार सहयोग कार्यक्रम ( LISP) मार्फत प्राप्त हुने सहलगानीलाई समग्र वार्षिक कार्यक्रम तथा बजेटको पूर्वाधार शिर्षकमा समावेश गर्न।

२. वार्षिक योजना तथा बजेटमा स्थानीय पूर्वाधार सहयोग कार्यक्रमसँगको सहलगानीमा सञ्चालन हुने आयोजनाहरुः पुल सम्बन्धी आयोजनामा कम्तिमा ४० प्रतिशत, ग्रामीण/मर्मत सडक पुनःस्थापना सम्बन्धी आयोजनामा कम्तीमा २० प्रतिशत, श्रममूलक सडक मर्मतसंभार सम्बन्धी आयोजनामा कम्तीमा ३४ प्रतिशत, साना सिंचाई,खानेपानी तथा सरसफाई,भवन मर्मत सम्बन्धी आयोजनामा कम्तीमा ४० प्रतिशत, विपद् जोखिम न्यूनीकरण, जलवायु उत्थानशील तथा वैकल्पिक उर्जा सम्बन्धी आयोजनामा कम्तीमा २० प्रतिशत र

सिंचाईको उत्थानशीलता बृद्धि सम्बन्धी आयोजनामा कम्तीमा ४० प्रतिशत हिस्ता बिनियोजन गर्ने प्रतिबद्धता जनाउने ।

३. पूर्वाधार सेवा प्रवाह एवं मर्मत सम्भार सम्बन्धी कार्यविधि तथा निर्देशिका तयार/परिमार्जन तथा अनुमोदन गर्ने प्रतिबद्धता जनाउने ।

४. स्थानीय पूर्वाधार सम्बन्धी विवरण तयार तथा अद्यावधिक गर्ने र सो को जानकारीको आधारमा स्थानीय पूर्वाधार मर्मतसम्भारको योजना र बजेट तर्जुमा गर्ने प्रतिबद्धता जनाउने ।

निर्णय : माथि ब्यहोरामा लेखिए बमोजिम गर्ने।

**प्रस्ताव नं.३** प्रदेश तथा स्थानीय सुशासन सवलिकरण कार्यक्रमका सम्वन्धामा ।

**प्रस्तावको संक्षिप्त ब्यहोरा :** प्रदेश तथा स्थानीय सरकार सबलीकरण कार्यक्रम (PLGSP)को लागत साझेदारीमा स्थानीय तहले सेवा करारमा लिई कार्य गर्ने सुचना प्रविधि अधिकृतको पारिश्रमिक तथा सेवा सुविधा सम्वन्धमा ।

**हुनु पर्ने निर्णय :** यस कार्यालयमा कार्यरत सूचना प्रविधि अधिकृतले आधारभूत पारिश्रमिक, चाडपर्व तथा पोशाक भत्ताका बापत वार्षिक प्राप्त गर्ने रकममा प्रदेश तथा स्थानीय शासन सबलीकरण कार्यक्रम (PLGSP) बाट विगत वर्ष देखि नै साझेदारी गरी सोधभर्ना पठाईने गरेकोमा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय प्रदेश तथा स्थानीय शासन सवलिकरण कार्यक्रम (PLGSP) कार्यक्रम समन्वय ईकाइको मिति २०८१/११/२३ को च. नं. २४२ को पत्र साथ संलग्न गरिएको प्रदेश तथा स्थानीय सरकार सवलिकरण कार्यक्रमको लागत साझेदारीमा स्थानीय तहले सेवा करारमा लिई कार्य गर्ने सुचना प्रविधि अधिकृतको पारिश्रमिक तथा सेवा सुविधाका लागी उक्त कार्यक्रमवाट सोधभर्ना वापत पठाईने रकम सम्वन्धि शर्त बमोजिम यस आ.व. २०८१/८२ देखि उक्त कार्यक्रम (PLGSP) मार्फत सुचना प्रविधि अधिकृतको पारिश्रमिक तथा सेवा सुविधाको वापत सोधभर्ना हुने रकम र लागत साझेदारी बापत यस कार्यालयले साझेदारी गर्ने रकमबाट समेत व्यहोर्ने गरी आ.व. २०८१/८२ को श्रावण महिना देखि लागु हुने गरि सुचना प्रविधि अधिकृतलाई रा.प.तृतिय श्रेणी वा प्रदेश वा स्थानीय तहको नियमानुसारको अधिकृत सरहको तलव भत्ता , चाडवाड खर्च , पोशाक भत्ता र महंगी भत्ता समेत उपलब्ध गराउनु पर्ने ।

निर्णय : माथि ब्यहोरामा लेखिए बमोजिम गर्ने।

कर्ण बहादुर नेपाली
प्रमुख प्रशासकीय अधिकृत

**प्रस्ताव नं.४ विविध** (क) : शिक्षा युवा तथा खेलकुद शाखाको योजना तथा कार्यक्रम संसोधन सम्वन्धमा

**प्रस्तावको संक्षिप्त ब्यहोरा** :- आ.व. २०८१/८२को तेश्रो अध्यक्ष कप खेलकुद प्रतियोगिता सम्पन्न भएको र उक्त कार्यक्रमको वजेट रु ५००००० विनियोजन भएको र वास्तविक खर्च रु ५५०००० भै रु ५०००० नपुग भएको, राष्ट्रपति रनिङ्गशिल्ड प्रतियोगितामा विनियोजन रु ४००००० भएकोमा उक्त कार्यक्रम सञ्चालन गर्दा वास्तविक खर्च रु ५३०००० हुन गै रु १३०००० नपुग भएको , विद्यालयमा राष्ट्रपती रनिङ्गशिल्ड ब्यवस्थापन अनुदानको लागी माग वमोजिम रु २००००का दरले रु १०००००को ब्यवस्था गर्नु पर्ने र शैक्षिक सत्र २०८१को कक्षा ८को परिक्षा सञ्चानलनमा रु २००००० विनियोजन भएको र नपुग रकम रु १००००० समेत ३००००० आवस्यक पर्ने भएकोले उल्लेखित शिर्षकहरुमा आवस्यक रकमको ब्यवस्था गर्नु पर्ने ।

कक्षा ५को उपलब्धि परिक्षामा खर्च नभै वचेको रु १००००० मध्यवाट थप्न आवस्यक भएको ।

**हुनु पर्ने निर्णय** : आ.व.२०८१/८२मा विद्यार्थिको लागी अतिरिक्त क्रियाकलापमा विनियोजन भएको रु ३००००० खर्च नभएकोले उक्त रकम वाट अध्यक्षकप खेलकुदकोलागी रु ५००००,राष्ट्रपति रनिङ्गशिल्ड प्रतियोगिताको लागी रु १३०००० र विद्यालयमा राष्ट्रपती रनिङ्गशिल्ड ब्यवस्थापन अनुदन रु १००००० थप गर्नु पर्ने र शैक्षिक सत्र २०८१को कक्षा ८को परिक्षा सञ्चानलनमा नपुग रकम रु १००००० कक्षा ५को उपलब्धि परिक्षामा खर्च नभै वचेको रु १००००० मध्य वाट खर्च ब्यहोर्नु पर्ने ।

**निर्णय** : अर्को वैठकमा छलफल गर्ने।

**प्रस्ताव नं.४ विविध** (ख) : दंगीशरण गाउँपालिकाको निजी जग्गाको ढुंगा, गिट्टी, वालुवा, माटो उत्खनन, संकलन तथा ढुवानी व्यवस्थित गर्ने सम्बन्धी कार्यविधि २०८१।

**प्रस्तावको संक्षिप्त ब्यहोरा** :- निजी जग्गाहरुलाई आवास, कृषि, गैरकृषि, व्यावसायिक वा गैरव्यावसायिक प्रयोजनका लागि व्यवस्थापन गर्ने तथा सो क्रममा उत्खनन हुने ढुंगा, गिट्टी, वालुवा, माटो संकलन तथा ढुवानी गर्ने कार्यलाई नियमन तथा व्यवस्थित गर्न वान्छनीय भएकाले स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ४ को खण्ड (ज) बमोजिम कार्य गर्न प्रशासकीय कार्यविधि नियमित गर्ने ऐन, २०७४ को दफा ४ (१) ले दिएको अधिकार प्रयोग गरी दंगीशरण गाउँपालिकाले यो कार्यविधि वनाउनु पर्ने ।

**हुनु पर्ने निर्णय** : निजी जग्गाहरुलाई आवास, कृषि, गैरकृषि, व्यावसायिक वा गैरव्यावसायिक प्रयोजनका लागि व्यवस्थापन गर्ने तथा सो क्रममा उत्खनन हुने ढुंगा, गिट्टी, वालुवा, माटो संकलन तथा ढुवानी गर्ने कार्यलाई नियमन तथा व्यवस्थित गर्न वान्छनीय भएकाले स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ४ को खण्ड (ज) बमोजिम कार्य गर्न प्रशासकीय कार्यविधि नियमित गर्ने ऐन, २०७४ को दफा ४ (१) ले दिएको अधिकार प्रयोग गरी दंगीशरण गाउँपालिकाले यो कार्यविधि बनाई लागु गर्नु पर्ने ।

**निर्णय** : अर्को वैठकमा पेश गर्ने।

**प्रस्ताव नं.४ विविध** ग ) आर्थिक सहायता सम्वन्धमा ।

**प्रस्तावको संक्षिप्त ब्यहोरा :** दंगीशरण गाउँपालिकाको आर्थिक सहायता वितरण कार्यविधि,२०७५ बमोजिम पेश हुन आएका संलग्न वडा कार्यालयको सिफारिससाथ आर्थिक सहायता माग गरेकालाई आर्थिक सहायत उपलब्ध गराउनु पर्ने ।

**हुनु पर्ने निर्णय :** दंगीशरण गाउँपालिकाको आर्थिक सहायता वितरण कार्यविधि,२०७५ बमोजिम आर्थिक सहायता मागको किसिम, समस्याको प्रकृति तथा औचित्यको आधारमा आर्थिक सहायता माग गरेका तपशिल बमोजिमका ब्यक्तिलाई आर्थिक सहायता भुक्तानी गर्ने।

तपशिल

| क्र.स. | ब्यक्ति को नाम | ठेगाना | सहायता रकम | सहायतको कारण | भुक्तानी |
|---|---|---|---|---|---|
| १ | तोरण चौधरी | वडा नं. ३ हेकुली | ५००० | वाथ रोगले हातखुट्टा नचल्ने | |
| २ | राधा चौधरी | वडा नं. ३ रावतगाउँ | ५००० | "ग" वर्गको अपाँग र अल्सर भएको । | |
| ३ | जगतराम चौधरी | दंगीशरण ४ | १०००० | प्रगन्ना पुजा खर्च सहयोग सम्वन्धमा । | |
| ४ | खगा कुमारी श्रेष्ठ | वडा नं. ६ | ४००० | टाउकोमा ट्युमर भएको | |
| ५ | प्रमिला वादि | वडा नं. ६ | ३०००० | घर अनेत्र सार्नु पर्ने भएको | |
| ६ | विमला वादी | वडा नं ६ | रु७००० वरावरको खाद्य सामाग्री हरु दिने | श्रीमानले कुटपिट गरी घाईते भएको | |
| ७ | निवृत्त कर्मचारी समाज | घोराही दाङ | १००००। | भवन निर्माणका लागी सहयोग | |

निर्णय : माथि उल्लेख भए बमोजिम आर्थिक सहायता भुक्तानी गर्ने।

०८१।१२।१४